# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश

हेटौंडा, नेपाल

मिति: २०८२/०९/०३

ने.सं.-११४६ थिंलागा १४ बिहिवार

पत्र संख्या:-०८२-८३

चलानी नं.:- १३९

लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

विषयः माग आकृति फाराम भरी पठाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)
बागमती प्रदेश ।

उपर्युक्त विषयमा यस आयोगको आ.व. २०८२/०८३ को वार्षिक पदपूर्ति कार्यतालिका वमोजिम सहायकस्तर पाँचौं तहका विभिन्न सेवा, समूह, उपसमूहका पदहरूको विज्ञापन/सूचना पौष महिनाको अन्तिम बिहिवार प्रकाशन गर्नु पर्ने भएको हुँदा तहाँ पालिकाको स्वीकृत दरवन्दीमा रिक्त रहेका सहायकस्तर पाँचौं तहका पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची-१· वमोजिमको माग आकृति फाराम भरी तपशीलका विवरणहरू संलग्न राखी मिति २०८२/०९/१८ गतेभित्र यस आयोगमा प्राप्त हुने गरी पठाउनु हुन निर्णयानुसार अनुरोध छ।

तपशील

१. रिक्त पद पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्न कार्यपालिका वैठकको निर्णय उतार वा पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत दुवैको दस्तखत भएको माग आकृति फाराम।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत दरवन्दी विवरण वा नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएकोमा प्रदेश कितावखानामा दर्ता भएको तहाँ पालिकाको स्वीकृत दरवन्दी विवरण।

३. आयोगको मिति २०८२/०१/०१ गते प्रकाशन भएको विज्ञापन/सूचनामा समावेश भई पदपूर्ति हुन वाँकी रहेका पदहरूको विवरण।

२०८२/०९/०३

(कल्याण कुमार तिमिल्सेना)
अधिकृत सातौं

फोन नं.: ०५७-५९०६१३, ५९०६१४, ५९०६१५ इमेल: info,ppsc@bagamati.gov.np वेब साइट: ppsc.bagamatigov.np